# <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८१</u>

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिम संशोधन गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः(१) यस नियमावलीको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१को नियम २ मा संशोधनः</u>** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को उपनियम (छ) पछाडी देहायको उपनियम (ज) थप गरिएको छ ।

"(ज) "व्यावसायिक योग्यता" भन्नाले औपचारिक, अनौपचारिक तथा अरितिक पद्धतिबाट सिकिएको वा अनुभव हासिल गरेको ज्ञान, सीप र दक्षतालाई परीक्षण तथा प्रमाणित गरी प्रदान गरिने योग्यतालाई सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम ३क. मा संशोधनः</u>** मूल नियमावलीको नियम ३क. को उपनियम (३) मा रहेका "अनुसूचीमा उल्लिखित आधारमा" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१ मा उल्लिखित आधारमा" भन्ने शब्दहरु र अंक राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेका " सीपको वर्गिकरण," भन्ने शब्दहरुको सट्टा "सीप तथा व्यावसायिक योग्यताको वर्गीकरण," भन्ने शब्दहरु राखिएका छन्।

५.**<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को उपनियम (५) को सट्टा देहाय बमोजिमको उपनियम (५) राखिएको छः-

"(५) परीक्षण समितिको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरी राख्नु पर्नेछ।"

६. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को खण्ड (घ१) पछि देहायका खण्ड (घ२) थपिएको छः-

"(घ२) व्यावसायिक योग्यताको वर्गीकरण, राष्ट्रिय दक्षता प्रमाणीका (नेशनल कम्पिटेन्सी स्टयाण्डर्ड) निर्माण, दक्षता परीक्षण र प्रमाणीकरण, सीप तथा व्यावसायिक योग्यताको परीक्षण मूल्याङ्कनकर्ताको अनुमति प्रदान गर्ने,"

७. **<u>मूल नियमावलीको नियम १०क. पछि नियम १०ख. थपः</u>** मूल नियमावलीको नियम १०क. पछि देहायको नियम १०ख. थपिएको छः

"**१०ख.<u>व्यवसायिक योग्यताको स्तर तथा उम्मेदवार सम्बन्धी व्यवस्था</u>** (१) राष्ट्रिय व्यावसायिक योग्यतालाई देहाय बमोजिम तह एकदेखि तह आठसम्म वर्गिकरण गरिएको छः

| राष्ट्रिय व्यावसायिक योग्यता (नेशनल भोकेशनल क्वालीफिकेशन - एनभिक्यू) प्रणालीको तह | राष्ट्रिय योग्यता (नेशनल क्वालिफिकेशन- एनक्यू) प्रणालीको तह |
|---|---|
| (क) एनभिक्यू एक | - |
| (ख) एनभिक्यू दुई | - |
| (ग) एनभिक्यू तीन | आधारभुत शिक्षा वा सो सरह |
| (घ) एनभिक्यू चार | राष्ट्रिय प्राविधिक प्रमाणपत्र (कक्षा दश) वा सो सरह |
| (ङ) एनभिक्यू पाँच | राष्ट्रिय डिप्लोमा वा प्रविणता प्रमाणपत्र वा कक्षा बाह्र सरह |
| (च) एनभिक्यू छ | स्नातक (प्राविधिक) वा स्नातक तह सरह |
| (छ) एनभिक्यू सात | स्नातकोत्तर (प्राविधिक) वा स्नातकोत्तर तह सरह |
| (ज) एनभिक्यू आठ | विधावारिधि। |

(२) उपनियम (१) बमोजिम राष्ट्रिय व्यावसायिक योग्यतालाई प्रारम्भिक रुपमा एनभिक्यू एक तहदेखि एनभिक्यू पाँच तहसम्म परिषदले कार्यान्वयन गर्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यावसायिक योग्यताको प्रमाणपत्र प्राप्त व्यक्ति अनुसूची-२ बमोजिमका श्रेणी वा तहका पदका लागि प्रचलित कानून बमोजिम योग्य हुन सक्नेछन्।"

८. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को पहिलो हरफमा रहेका "सीपको दक्षताको" भन्ने शब्दहरूको सट्टा " सीपको दक्षता तथा व्यावसायिक योग्यताको" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल नियमावलीको नियम १२ मा संशोधन**ः मूल नियमावलीको नियम १२ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) नियम शीर्षकमा रहेका "प्राविधिक वा विशेषज्ञ उपसमिति" भन्ने शब्दहरूको सट्टा "बिधागत सीप, प्राविधिक वा विशेषज्ञ उपसमिति" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (१) मा रहेका "राष्ट्रिय सीप" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय सीप तथा व्यावसायिक योग्यता" भन्ने शब्दहरू र "प्राविधिक वा विशेषज्ञ" भन्ने शब्दहरूको सट्टा "बिधागत सीप, प्राविधिक वा विशेषज्ञ" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (२) मा रहेका "प्राविधिक वा विशेषज्ञ" भन्ने शब्दहरूको सट्टा "बिधागत सीप, प्राविधिक वा विशेषज्ञ" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल नियमावलीमा नियम १६क थप**: मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६क. थपिएको छः

“१६क. **एप्रेन्टिससिप तालीम सम्बन्धी व्यवस्था**: (१) परिषदले प्रचलित कानूनबमोजिम स्थापित कुनै उद्योग वा सेवाक्षेत्र सञ्चालन गर्ने निकायसँग दक्षतामा आधारित एप्रेन्टिससिप ढाँचामा तालीम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) एप्रेन्टिससिप तालीम सञ्चालन गर्ने उद्योग वा सेवा क्षेत्रको निर्धारणसम्बन्धी मापदण्ड र अन्य व्यवस्था परिषदबाट निर्धारण भए बमोजिम हुनेछ।“

११. **रुपान्तरण**: मूल नियमावलीमा रहेका देहाय बमोजिमका शब्दहरू देहाय बमोजिम रूपान्तरण गरिएका छन्:-

(क) “शिक्षा तथा खेलकुद मन्त्रालय” को सट्टा “शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय”

(ख) “श्रम तथा रोजगार प्रवर्द्धन विभाग” को सट्टा “श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग”

(ग) “घरेलु तथा साना उद्योग विभाग” को सट्टा “उद्योग विभाग”

(घ) जनशक्ति विकास समिति, उद्योग बाणिज्य महासंघ” को सट्टा शिक्षा, सीप विकास तथा रोजगार समिति”

(ङ) “सीप परीक्षण महाशाखा” को सट्टा “राष्टिय सीप परीक्षण समिति”

१२. **मूल नियमावलीको अनुसूचीमा संशोधन:** मूल नियमावलीमा रहेको “अनुसूची” भन्ने शब्दको सट्टा “अनुसूची-१” भन्ने शब्द र अङ्क राखिएको छ।

१३. मूल नियमावलीको अनुसूची-१ पछि देहाय बमोजिमको “अनुसूची-२” थप गरिएको छ।

## अनुसूची-२
### (नियम १०ख. को उपनियम (३) संग सम्बन्धित)
### राष्ट्रिय व्यावसायिक योग्यता तथा समकक्षता र पेशागत पदसम्बन्धी व्यवस्था

| राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको तह | आधारभुत दक्षता | पेशागत पद | योग्य हुने तह वा श्रेणी |
|---|---|---|---|
| एक | आधारभूत सीप भएको। सुपरिवेक्षकको पूर्ण अधीनमा रही सामान्य कार्य गर्न सक्ने | सहयोगी वा सहायक | श्रेणी विहिन वा सो सरह |
| दुई | न्यूनतम प्रयोगात्मक सीप भएको। आधारभुत औजारहरूको प्रयोग गरी सुपरिवेक्षकको निर्देशन अनुरुप कार्य गर्न सक्ने। | प्राविधिक सहायक | नेपाल सरकारको राजपत्र अनंकित चतुर्थ श्रेणी वा सो सरह |

| | | | |
|---|---|---|---|
| **तीन** | सामान्य औजार, सामाग्री तथा प्रविधिको प्रयोग गरी निर्धारित सिमित कार्य स्वतन्त्र रूपले कार्य गर्न सक्ने। | प्राविधिक | नेपाल सरकारको राजपत्र अनंकित तृतीय श्रेणी वा सो सरह |
| **चार** | सम्बन्धित विधागत क्षेत्रको सैद्धान्तिक ज्ञान भई स्वतन्त्र रूपमा कार्य गर्न सक्ने। सामान्य कार्यमा अन्यलाई निर्देशन दिन तथा सुपरीवेक्षण गर्न सक्ने क्षमता भएको। | वरिष्ठ प्राविधिक वा सुपरीवेक्षक | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणी वा चौथो तह वा सो सरह |
| **पाँच** | विशिष्ठ सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप र दक्षता प्रदर्शन गर्न सक्ने। स्वतन्त्र रूपले कार्य सञ्चालन, समन्वय र निर्देशन गर्ने क्षमता भएको। मातहतका कर्मचारीको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्न सक्ने। | प्राविधिक व्यवस्थापक वा पेशागत विज्ञ | नेपाल सरकारको प्राविधिक तर्फ राजपत्र अनंकित प्रथम श्रेणी वा पाँचौ तह वा सो सरह |